# मात्रिक छन्दको सैद्धान्तिक तथा प्रयोगात्मक प्रारूप

**धनपति कोइराला (पिएच. डी.)**

**लेखसार**

कविता काव्यका पाउपाउमा वर्ण र मात्राको निश्चित क्रम र सङ्ख्या, मात्राको गणना, गति, यति विधानसँग सम्बन्धित निश्चित नियमहरूका आधारमा पद्यात्मक रचना गरिने विशिष्ट मानदण्ड नै छन्द हो । मात्रिक छन्द र यसका प्रकार उल्लेख गर्नु र तिनका प्रतिनिधिमूलक रूपमा एकएक ओटा लक्षण र तिनको उदाहरण प्रस्तुत गर्नु यस लेखको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही उद्देश्यमूलक नमुना छनोट प्रक्रिया अवलम्बन गरिएको यस लेखमा पुस्तकालयीय कार्य उपयोग गरिएको छ । शास्त्रीय छन्दअन्तर्गत मात्रिकछन्दका चारवटै पाउमा कम्तीमा ३२ मात्राका अष्टिका र मधुभारदेखि १२८ मात्रासम्मका लीलावती छन्दसम्मका जम्मा ४४ छन्दको चर्चा गरिएको छ । यीमध्ये अष्टिका, पज्झटिका, चौपाई, लीलावती, पादाकुलक, रोला, गीति, दोहा, चौबोला, द्विपदी, आर्या र उद्गीतिछन्दहरू उपयोग गरी उत्कृष्ट कविता काव्यसृजना गरिएका छन् । सममात्रिकका मधुभार, दीपक, आभीर, रसिका, हाकलि, सुनसान, अडिल्ला, उपचित्रा, चित्रा, मात्रासमक, वानवासिका, विश्लोक, प्लवङ्गम, सगरमाथा, घत्ता, हीर, वीर, हरिगीता, स्कन्धक, झुल्लाना, अर्द्धसममात्रिकका सोरठा, उपगीति, चुलिआला, अम्बिका र विषममात्रिकका गाहिनी र सिंहनी छन्दको लक्षणका साथै तिनको उदाहरण पनि विभिन्न लक्षणग्रन्थबाट दिइएको छ । सममात्रिकका अचलधृति, शिखाज्योति र शिखासौम्य, अर्द्धसममात्रिक छन्दको चूलिका छन्द पनि उल्लेख गरिएको छ ।

**विशेष शब्दावली :** उद्गीति, आर्यागीति, प्लवङ्गम, लक्षणग्रन्थ, अर्द्धसममात्रिक

## विषयवस्तुको परिचय

पूर्वीय शास्त्रीय छन्दअन्तर्गत वार्णिक र मात्रिक दुई छन्द रहेका छन् । वार्णिकमा चारवटै पद्यमा गणअनुरूप लघुगुरुमा समानता तथा गतियतिसहित समान सङ्ख्या रहने गर्दछन् । मात्रिकमा लघुगुरुको महत्त्व भए पनि गणमा समानता आवश्यक हुँदैन । समवृत्तका प्रत्येक पद्यका समान मात्रा सङ्ख्या रहन्छ । मात्रिक छन्दका पनि सममात्रिक, अर्द्धसममात्रिक र विषममात्रिक गरी तीन प्रकार हुन्छन् । यसमा चार पाउ हुने मात्रिकछन्दका प्रत्येक पाउमा आठ मात्रादेखि ३२ मात्रासम्मका र दुई पाउको एकश्लोक हुने मात्रिकमा प्रत्येक पाउमा ३७ मात्रासम्म हुन्छन् । वार्णिकको सम, अर्द्धसम र विषममा जस्तै चौपाई वा चतुष्पदी, अर्द्धसमअन्तर्गत दोहा, चौबोला र विषम मात्रिकअन्तर्गत आर्या उद्गीति आदिमा पनि सुमधुर गेयगुण रहेको हुन्छ । मात्रिक छन्दमा लेखिएका कृतिहरू पनि एकदमै पठनीय देखापर्दछन् । यसबाट सङ्कथन कलात्मक, रसिक र पठनीय हुन्छ । बोधलाई चिरस्थायी तुल्याउनमा पनि यो उपयोगी मानिएको छ । पूर्वीय वाङ्मयका बहुविध सौन्दर्यमध्ये मात्रिक छन्द पनि एक भएकाले छन्दलाई वेदको छ अङ्गमध्ये एक मानिएको हो । संस्कृतबाट वैदिककालदेखि लौकिककाल, प्राकृतकाल हुँदै आधुनिक आर्यभाषाका रूपमा जन्मिएका नेपाली, हिन्दी, मैथिली, आछामी, गुजराती आदि भाषाहरूका प्राचीन, माध्यमिक र आधुनिककालीन काव्य कविताहरूमा समेत वार्णिकसँगै

मात्रिक छन्दले विशेष महत्त्व पाएको देखापर्दछ । नेपाली साहित्यका सन्दर्भमा खास गरी कवितादेखि खण्डकाव्य र महाकाव्यमा समेत यसको समुचित प्रयोग भएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ लगायतका कविका कविताहरूमा पनि मात्रिक छन्दको सुन्दर प्रयोग भएको देखापर्दछ । युगकवि सिद्धिचरण श्रेष्ठको मेरो प्यारो ओखलढुङ्गा कवितादेखि महाकवि लक्ष्मीप्रसाद देवकोटाका सृजामाता खण्डकाव्य, महाराणा प्रताप र पृथ्वीराज चौहान आदि महाकाव्यहरू पनि मात्रिक छन्दमा नै रचिएका छन् ।

नेपाल संस्कृत विश्वविद्यालयका विभिन्न तहमा ऐच्छिक विषयका साहित्य र नेपाली विषयका पाठ्यक्रममा र त्रिभुवन विश्वविद्यालयको स्नातक तथा स्नातकोत्तर तहमा नेपाली विषयमा मात्रिक छन्द समावेश गरिएको छ । यसअतिरिक्त पूर्वाञ्चल विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहमा पनि यसलाई समावेश गरिएको छ । यस सन्दर्भमा प्रस्तुत लेखमा शास्त्रीय छन्दअन्तर्गत रहेको मात्रिक छन्दका प्रकारहरूको सोदाहरण सङ्क्षिप्त चर्चा गर्नु अनुसन्धाता, प्राध्यापक, कवि, पाठक, विद्यार्थीदेखि पाठ्यक्रम निर्माता, पाठ्यवस्तुका लेखक आदिका निम्ति उपयोगी हुन सक्ने देखिएकाले मात्रिकछन्दलाई महत्त्व दिएर यो लेख तयार पार्नुलाई सान्दर्भिक पारिएको छ ।

## उद्देश्य

प्रस्तुत लेखका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) मात्रिक छन्दअन्तर्गत सममात्रिक, अर्द्धसममात्रिक र विषममात्रिक छन्दका प्रत्येक पाउमा ८ मात्रादेखि ३२ मात्रासम्मका र दुई पाउमा नै एकश्लोक भएको मानिने मात्रिक छन्दका प्रत्येक पाउमा ३७ मात्रासम्म हुने छन्दका लक्षण प्रस्तुत गर्नु,

ख) उल्लिखित छन्दलक्षणमा आधारित उदाहरण प्रस्तुत गर्नु

ग) नेपाली काव्यमा मात्रिक छन्द प्रयोगको स्थिति देखाउनु

## पूर्वकार्यको अध्ययन

सन् १८९५ मा प्रकाशित श्रीकृष्णकविको *मन्दारमरन्दचम्पू* लक्षणग्रन्थमा वार्णिक छन्दसँगै मात्रिक छन्द तथा वैतालिक छन्दका प्रकार पनि प्रस्तुत गरिएको छ । गुणात्मक विधि अनुसरण गरिएको यस लक्षण ग्रन्थमा केही थप मात्रिक छन्द दिइएको छ । शास्त्रीको व्याख्यासहित कालिदासद्वारा लिखित *श्रुतबोध* (१९३९) ग्रन्थ प्रकाशित भएको छ । यसमा गण, गति, यतिका साथै शास्त्रीय छन्दका वार्णिक र मात्रिक छन्दका प्रकारहरू उदाहरणसहित प्रस्तुत गरिएको छ ।.भट्टले *वृत्तरत्नाकर* (सन् १९३१) ग्रन्थ लेखेका छन् । यसलाई नृसिंहदेवले व्याख्या तथा विश्लेषण गरी प्रकाशन गरेका छन् । उनले पिङ्गलको *छन्दःसूत्रम्* ग्रन्थमा रहेका छन्दहरूका लक्षणलाई थोरै नवीनता दिँदै केही नयाँ छन्दहरू थप्ने कार्य गरेका छन् । यसमा मात्रिक छन्दहरू प्रस्तुत गरी तिनको उदाहरण समेत दिइएको छ । वैदिक भाष्यसहित आचार्य पिङ्गलद्वारा लिखित *छन्दःसूत्रम्* (१९६५)को व्याख्या गरी शर्माले ग्रन्थ छपाएका छन् । यसमा उनले वैदिक छन्द र लौकिक छन्दहरूको व्याख्या गरेका छन् । यस ग्रन्थमा शास्त्रीय छन्दका रूपमा मात्रिक छन्दका साथै छन्दप्रस्तारको समेत उल्लेख गरेका छन् । भाष्यकार यादवप्रकाश एवम् व्याख्याकार विजयपालले *पिङ्गलनाग छन्दोविचिति भाष्यम्* (२०४४)

शीर्षकको शोधग्रन्थ प्रकाशन गरेका छन् । यसमा  पिङ्गलद्वारा लिखित *छन्दःसूत्रम्* ग्रन्थको यादवप्रकाशले गरेको व्याख्यालाई समेत उद्धृत गर्दै शोधकार्य गरिएको छ । यसमा छन्दको इतिहास उल्लेख गर्नुका साथै वैदिक तथा लौकिक छन्दहरूको सोदाहरण चर्चा गरिएको छ । ढुङ्गानाद्वारा २०५० सालमा *छन्दोहार* शीर्षकको ग्रन्थ प्रकाशित गरिएको छ । गहन अनुसन्धान गरी तयार पारिएको प्रस्तुत कृतिमा मात्रिक छन्दको छोटो चर्चा गरिएको छ । केदारनाथ र शर्माले हलायुधद्वारा मृतसञ्जीवनी टिप्पणी र व्याख्यासहित आचार्य पिङ्गलको छन्दसूत्रमा आधारित रही *छन्दःशास्त्रम्* (सन् २००२) प्रकाशनमा ल्याएका छन् । यसमा शास्त्रीय छन्दका भेदोपभेदहरूको सोदाहरण उल्लेख गरिएको छ । जसमा *प्राकृत पिङ्गल छन्दःसूत्रम्, वृत्तचन्द्रिका, मन्दारमरन्द* आदि छन्दहरूमा रहेका छन्दहरूसमेत प्रस्तुत गरी त्यसमाथि टिप्पणी गरिएको छ । न्यौपानेद्वारा २०६६ सालमा छन्दकुन्ज  र यसैलाई परिवर्द्धित गरी *छन्दशास्त्र* (?) शीर्षकको ग्रन्थ प्रकाशन गरिएको छ । यसमा शास्त्रीयअन्तर्गत वार्णिक र मात्रिक, जातीय, विदेशी र गद्यलयका लक्षणहरू उदाहरणसहित प्रस्तुत गरिएको छ । यसमा उदाहरणहरू अन्य कृतिहरूबाट भन्दा पनि आफ्नै कृति र आफैं बनाएर पनि दिइएको छ । नेपालद्वारा २०७५ सालमा *छन्दपराग* (२०७५) शीर्षकको ग्रन्थ प्रकाशन गरिएको छ । यसमा शास्त्रीयअन्तर्गत मात्रिक छन्दको उदाहरण दिई चर्चा गरिएको छ । साथै जातीय, विदेशी र गद्यलयका विभिन्न छन्दहरूका लक्षण र विभिन्न कृतिमा उल्लिखित पद्यहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यसमा अङ्ग्रेजी भाषामा उल्लिखित छन्दको सङ्क्षिप्त चर्चा पनि गरिएको छ ।

प्रस्तुत शोधपरक लक्षण ग्रन्थहरूबाट मात्रिक छन्दको सैद्धान्तिक परिचर्चा गर्न, लक्षण निरूपण गरी उदाहरण तयार पार्न तथा निष्कर्षसहित आलेखको स्वरूप निर्धारण गर्नमा पनि महत्त्वपूर्ण योगदान पुगेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ । यसमा पुस्तकालयीय कार्यको उपयोग गरिएको छ । सोद्देश्यकमूलक नमूना छनोट प्रक्रिया अवलम्बन गरिएको छ । *छन्दःसूत्रम्, मन्दारमरन्दचम्पू, वृत्तरत्नाकर, छन्दोमञ्जरी, श्रुतबोध, छन्दःशास्त्रम्, छन्दोहार, छन्दकेशर, छन्दपराग र छन्दकुञ्ज*लाई प्राथमिक सामग्रीका रूपमा र *छन्दविचित्ति भाष्यम्, छन्दरत्नावली, पिङ्गलछन्दःसूत्रम्, छन्दशास्त्र, पल्लव* पत्रिकाको २२ औं पूर्णाङ्क, *गजल सिद्धान्त र परम्परा, भाषिक अनुसन्धान विधि,* विभिन्न कविता सङ्ग्रह र काव्यग्रन्थहरू द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएका छन् ।

## परिसीमा

मात्रिक छन्दको परिचय, यसअन्तर्गतका समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त प्रकार र यसका उपभेदका लक्षण र उदाहरणमा मात्र यो लेख सीमित रहेको छ । छन्दहरू पहिले क्रमशः सममात्रिक, अर्द्धसममात्रिक र विषममात्रिकका क्रमअनुरूप सानो सङ्ख्यात्मक क्रममा छन्दहरू प्रस्तुत गरिएको छ । मात्रिक छन्दका भेदोपभेदहरूको विभिन्न लक्षण र काव्यग्रन्थबाट प्राप्त भएसम्म त्यसैबाट र उदाहरण नपाइएका लक्षणहरूको नमुनाका रूपमा उदाहरण तयार पारी दिइएको छ । यसमा परिमाणात्मक विधिको उपयोग नगरी केवल गुणात्मक विधिको मात्र अनुसरण गरिएको छ ।

## लघु-गुरु नियम

ह्रस्व अक्षर लघु र संयुक्त तथा दीर्घ अक्षर गुरु हुन्छ । वार्णिक छन्दमा लघुबोधक चिह्नको सङ्केत 'I' र गुरुबोधक चिह्नको सङ्केत 'S' हुन्छ र एउटा गणमा तीन वर्ण वा अक्षर हुन्छन् । ह्रस्वस्वर (अ,इ,उ,ऋ) र व्यञ्जन र ह्रस्व वर्ण मिसिएका वर्णहरू क्+अ = क, क्+इ = कि, क्+उ = कु, क्+ऋ = कृ पनि लघु नै हुने, संयुक्त वर्णहरूमा ह्रस्व स्वर (क्र, द्य, स्म आदि) छ भने लघु हुने र चन्द्रविन्दु (ँ) युक्त ह्रस्व स्वरवर्ण भए (अँ = सँग, इँ = चाहिँ, उँ = उँभो) मा पनि लघु हुन्छ (ढुङ्गेल, २०५०) । हरेक चरणको सुरुको अक्षर संयुक्ताक्षर भए पनि त्यो ह्रस्वान्त छ भने लघु हुन्छ र दीर्घ स्वरवर्ण आ (S), ई (S), ऊ (S), ए (S), ऐ (S), ओ (S), औ (S)) गुरु (S) हुने, व्यञ्जन + दीर्घस्वरको संयोजन भएको अक्षर का (S), की (S), कू (S), के (S), कै (S), को (S), कौ (S) मा पनि गुरु हुने, हलन्त वर्णयुक्त स्वर (ह्रस्व वा दीर्घ जे भए पनि) मा पनि (सत्कार्य SSI) गुरु हुन्छ । अनुस्वारयुक्त स्वर (कंश SI/संवाद SSI)मा गुरु हुन्छ (भट्ट, सन् १९३१) । विसर्ग (:) युक्त स्वर (निःशुल्क SSI) मा पनि गुरु नै हुन्छ । ह्रस्वस्वर पछि संयुक्त वर्ण (मन्त्र SI, सन्त SI, संज्ञान SSI, अक्ष SI) आएमा ह्रस्व मात्रा पनि गुरु नै हुन्छ (भट्ट, सन् १९३१) । हरेक पाउका अन्तिम स्वर ह्रस्व वा दीर्घ जे भए पनि गुरु हुन्छ । मात्रिक छन्दमा चाहिँ लघु अक्षरलाई १ र गुरु अक्षरलाई २ सङ्ख्याद्वारा गणना गरिएको हुन्छ ।

## छन्दका प्रकार

लौकिक छन्दलाई मात्रा र वर्ण गरी दुई भेदमा तथा गणछन्द (आर्या आदि), मात्राछन्द (वैतालीय) र अक्षरछन्द (सामान्य) गरी तीन प्रकारमा वर्गीकरण गरिएको फेलापर्दछ (भट्ट, सन् १९३१)। गद्य र पद्यमा विभक्त संस्कृत साहित्यमध्ये वृत्तहीन कथनलाई गद्य र वृत्तयुक्त कथनलाई पद्य भनिन्छ । पद्यमा पनि वर्णसङ्ख्याअनुरूप लेखिनेलाई वृत्त र मात्रा सङ्ख्याअनुरूप लेखिनेलाई जाति भनिएको छ (कालिदास, १९३९)। लोकजीवनमा कविता सृजना हुने क्रममा वार्णिक, मात्रिकसँगै लोकभाका र लोकसुस्केराहरू थपिँदै गएका छन् । विभिन्न देशका भाषा र साहित्यसँग गाँसिदै र घुल्मिल हुँदै जाने क्रममा अन्य धेरै विदेशी छन्दहरू पनि थपिएका छन् । काव्य साहित्यमा उदाएका विभिन्न अभियान र आन्दोलनहरूबाट पनि निकै धेरै छन्दका बान्की परेका थुप्रै लय र मान्यताहरू जन्मिएका छन् । हिन्दीमा छन्दलाई मात्रिक, अक्षर, उभय र मुक्त भेदमा वर्गीकरण गरी अध्ययन गरिएको पाइए पनि (शास्त्री, सन् १९३९) प्रस्तुत लेखमा मात्रिक छन्दको मात्र सङ्क्षिप्त चर्चा गरिएको छ :

### ख) मात्रिक छन्द

मात्रा गणनामा आधारित शास्त्रीय छन्दलाई मात्रिक वा जातिछन्द भनिन्छ (गङ्गादास, सन् २०१०)। 'एकमात्रा भवेत् ह्रस्व द्विमात्रा दीर्घ उच्यते' अर्थात् लघुलाई एकमात्रा (१ सङ्ख्या) र दीर्घ अर्थात् गुरुलाई दुईमात्रा (२ सङ्ख्या) मानिन्छ । यसमा पनि 'ग'ले गुरु र यसको सङ्केत 'S' र 'ल' ले लघु र यसको सङ्केत 'I' राखिन्छ । कविताका प्रत्येक पाउपाउमा वर्ण वा अक्षरहरूका मात्राको गणना गरिन्छ । मात्रिकछन्दमा प्रत्येक गणमा चारमात्रा हुन्छन् । यस्ता चार चार मात्राका ५ गणहरू हुन्छन् । यसमा थप एकलघुसहित नगण (IIII) चार मात्रा, गुरुगुरु (SS) चार मात्रा, कहीँ गुरु अन्त्यमा हुने सगण (IIS), कहीँ गुरुमध्यमा हुने जगण (ISI) वा सुरुमा गुरु हुने भगण (SII) गरी पाँच गण हुन्छन् (अनु. द्विवेदी र सिंह, सन् २०१९)। यसको गणना

सङ्ख्या निश्चित हुन्छ । यसमा वार्णिक छन्दमा लघु मानिएका वर्णलाई एकमात्रा (१ सङ्ख्या)का रूपमा र गुरु मानिएका वर्णलाई दुई मात्रा (२ सङ्ख्या)का रूपमा गणना गरिन्छ (गङ्गादास, सन् २०१०)। हरेक पाउमा मात्रा सङ्ख्या सुनिश्चित हुने भएकाले मात्रालाई आधार मान्दा वर्ण वा अक्षरहरूको सङ्ख्याचाहिँ घटबढ हुन सक्दछ। मात्रिक छन्दको अन्त्यमा आउने लघुवर्णलाई आवश्यकताअनुसार लघु-गुरु दुवैका रूपमा लिन सकिन्छ । १६ मात्राको मात्रिक छन्दको कुनै एउटा पाउमा लघु-लघुवर्ण भएमा वर्णसङ्ख्या १६ नै हुने र कुनै अर्कोमा गुरु-गुरु भएमा अक्षर सङ्ख्या ८ मात्र हुन्छ । मात्रिक छन्द निम्नलिखित तीन प्रकारका हुन्छन् :

## सममात्रिकछन्द

सममात्रिक छन्दका चारओटै पाउहरूमा समान मात्रा सङ्ख्या रहेको हुन्छ । यसका एकमात्रादेखि ३२ मात्रासम्मका सामान्यभेदलाई निम्नलिखित नामकरण गरिएको छ :

**तालिका नं. १**

सममात्रिक छन्दका मात्रा सङ्ख्या र वर्ग

| मात्रासङ्ख्या | वर्ग | मात्रासङ्ख्या | वर्ग | मात्रासङ्ख्या | वर्ग | मात्रासङ्ख्या | वर्ग |
|---|---|---|---|---|---|---|---|
| एक | चान्द्र | नौ | आङ्क | सत्र | महासंस्कारी | पच्चीस | महावतारी |
| दुई | पाक्षिक | दश | दशिक | अठार | पौराणिक | छब्बीस | महाभागवत |
| तीन | राम | एघार | रौद्र | उन्नाईस | महापौराणिक | सत्ताईस | नाक्षत्रिक |
| चार | वैदिक | बाह्र | आदित्य | वीस | महादैशिक | अठ्ठाईस | यौगिक |
| पाँच | याज्ञिक | तेह्र | भगवत | एक्काईस | त्रैलोक | उन्तीस | महायौगिक |
| छ | रागी | चौध | मनव | बाईस | महारौद्र | तीस | महातैथिक |
| सात | लौकिक | पन्ध्र | तैथिक | तेईस | रौद्रिक | एकतीस | अश्वावतारी |
| आठ | वासव | सोह्र | संस्कारी | चौवीस | अवतारी | बत्तीस | लाक्षणिक |

स्रोत : कविराज पौडेल (पल्लव, पूर्णाङ्क २२)

यसप्रकार मात्रिक छन्दअन्तर्गतका यी ३२ वर्गका भेदहरू अनेकौं हुने भए पनि यसका मुख्य सातवटा प्रकार तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

मात्रिक छन्द र यसका प्रकारहरू

| क्र. सं. | छन्द | पहिलो पाउमा मात्रा | दोस्रो पाउ | तेस्रो पाउ | चौथो पाउ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर्या | १२ | १८ | १२ | १५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | गीति | १२ | १८ | १२ | १८ | |
| ३ | उपगीति | १२ | १५ | १२ | १५ | |
| ४ | ऊर्मि | १६ | १४ | १६ | १४ | |
| ५ | चौपाई | १६ | १६ | १६ | १६ | हरेक पाउका अन्तिम दुई वर्ण गुरु हुनुपर्छ। |
| ६ | ललित | १६ | १२ | १६ | १२ | |
| ७ | तोमर | १२ | १२ | १२ | १२ | हरेक पाउका अन्तिम दुई वर्ण क्रमशः लघुगुरु हुनुपर्छ। |

स्रोत : कृष्णहरि बराल (गजल सिद्धान्त र परम्परा, २०६८, पृष्ठ ८२)

## छलफल तथा नतिजा

यहाँ सममात्रिक, अर्द्धसममात्रिक र विषम भेदअन्तर्गतका केही भेदहरू मात्रा सङ्ख्याका आधारमा क्रमशः तल उल्लेख गरिएको छ :

### अष्टिकाछन्द

प्रत्येक पाउमा आठ-आठ मात्रा हुने सममात्रिक छन्दलाई अष्टिकाछन्द भनिन्छ (नेपाल, २०७५)। बालगीत र कविता लेख्न यो छन्द उपयुक्त मानिएको छ। यस छन्दको एउटा पद्य हेरौँ :

शान्ति पुजारी
२+१+ १+२ +२ = ८ मात्रा
गान्धी लागे
२+२+ २+२ = ८ मात्रा
जनमत जब भो
शत्रू भागे ॥
मणिराज जोशी (दशरथ चन्द महाकाव्य, पृष्ठ ७४)

### मधुभारछन्द

मात्रा र वर्ण दुवैको समान महत्त्व भए पनि मात्रिक छन्दअन्तर्गत पर्ने आठ-आठ मात्राको छन्दलाई मधुभारछन्द भनिन्छ। अन्त्यानुप्रास मिल्नै पर्ने मान्यता रहेको यस छन्दमा प्रत्येक पाउको सुरुतिर ४ मात्रा र अन्त्यतिर जगण रहेको हुनु आवश्यक छ (वियोगी, २०६३)। यस छन्दलाई आधार बनाएर लेखिएको एउटा उदाहरण पनि हेरौँ :

परिवेश स्वच्छ
१+१+२+१+ २+ १= ८ मात्रा
जब सुत्त बन्छ
१+१+ २+१+२+१= ८ मात्रा

मानी अचम्म
नर बन्छ गम्म ॥
माधव वियोगी (छन्दकेशर, पृष्ठ ६८ )

**दीपकछन्द**

प्रत्येक पाउमा रहने १०/१० मात्रामध्ये सुरुका ४ मात्रा पछि आउने पाँचौं मात्रा लघु हुने सममात्रिक छन्दलाई दीपकछन्द भनिन्छ (वियोगी, २०६३) । यसमा अन्त्यानुप्रासको अपेक्षा रहने गर्दछ । एउटा पद्य अवलोकन गरौं :

न्यायै छ करवाल
२+ २+१+१+ १+२+१=१०
सौजन्य नै ढाल
२+२+१+ २+ २+१=१०
वाः धन्य नेपाल
सद्धर्मको खाल ॥
गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार, पृष्ठ २०)

**आभीरछन्द**

प्रत्येक पाउमा ११/११ मात्रा हुने सममात्रिक छन्दलाई आभीरछन्द भनिन्छ (वियोगी, २०६३)। यसका हरेक पाउमा ७/८ अक्षर सङ्ख्या हुनु, अन्त्यानुप्रास मिलेको र लय सलल बगेको हुनु वाञ्छनीय छ । यस अभिलक्षणका आधारमा लेखिएको एउटा पद्य पनि हेरौं :

पत्नी असल उदात्त
२+२+ १+१+१ +१+२+१=११
भए त काम प्रशस्त
१+२+ १+ २+१ +१+२+१=११
सकिने सदैव गर्न
अथवा अगाडि बढ्न
माधव वियोगी (छन्दकेशर, पृष्ठ २९)

**रसिकाछन्द**

प्रत्येक पाउमा रहने ११/११ मात्रामध्ये सबै अक्षर लघुलघु हुने ६ पाउको सममात्रिक छन्दलाई रसिकाछन्द भनिन्छ (ढुङ्गाना, २०५०) । यस छन्दमा आधारित एउटा पद्य पनि हेरौं :

भुनुनुनु भुनुनुनु भ्रमर
१+१+१+१+ १+१+१+१+ १+१+१ =११
पिउँदछ मधुरस सरर
१+१+१+१ +१+१+१+१+ १+१+१ =११

पलपल ढलमल कमल
चलमल चलमल गरछ
विरहित मम मन तरल
किन सखि / झन झन हरछ ॥
गोविन्दप्रसाद शर्मा ढुङ्गेल (छन्दोहार, पृष्ठ २१ )

**हाकलिछन्द**

हाकलिछन्दमा पहिलो र तेस्रामा १०/१० अक्षर र दोस्रो र चौथामा ११/११ अक्षर हुनु आवश्यक हुने (न्यौपाने, २०६७) उल्लेख पाइए पनि प्रत्येक पाउमा नगण वा भगण रहनुपर्ने तीन गणपछि एक गुरु हुने १३/१३ मात्रा हुने सममात्रिक छन्दलाई हाकलिछन्द भनिन्छ (वियोगी, २०६३) । यसको एउटा उदाहरण हेरौँ :

शैत्य छ तीव्र अति हिममा
२+१+ १+ २+१+ १+१+ १+१+२ =१३ मात्रा
नित दाहकता अनलमा
१+१+ २+१+१+२+ १+ १+१+२ =१३ मात्रा
निर्दयता छ दुराशयमा
प्रकृति प्रबल छ भूतलमा ॥
गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार, पृष्ठ २१)

**सुनसानछन्द**

प्रत्येक पाउमा १४-१४ मात्रा हुने सममात्रिक छन्दलाई सुनसान छन्द भनिन्छ (न्यौपाने, २०६७)। यस छन्दको एउटा पद्य अवलोकन गरौँ :

ढुङ्गाजस्तो भो मुर्दा
२+२+ २+ २ +२+ २+२ =१४
अँध्यारो जगत्को कालो ।
१+ २+२+ १+२+ २+ २+२ =१४
कालो कालो भित्र भो
ओ ज्योतिहिन निर्जीवको ॥
चन्द्रप्रसाद न्यौपाने (छन्दकुञ्ज, पृष्ठ ८६)

**अचलधृतिछन्द**

प्रत्येक पाउमा १६/१६ लघुमात्रा हुने सममात्रिक छन्दलाई अचलधृति छन्द भनिन्छ (भट्ट, सन् १९३१) । समवृत्तमा पनि सोह्र लघु अक्षर हुने छन्दलाई अचलधृति छन्द भनिएको छ (गङ्गादास, सन् १९१०)। यसलाई *पिंगल कृत छन्दःसूत्रम्*मा गीत्यार्या वा आर्यागीति छन्द भनी उल्लेख गरिएको र गीत्यार्यामा ८ गण हुने र ती गणमा लघुलघु वा लघुगुरु पनि हुनसक्ने उल्लेख गरिएको छ (भट्टाचार्य, सन् १९२८)। यस छन्दको एउटा पद्य हेरौँ :

अब त रहर हिमसम धवल हुनुछ

१+१+१+ १+१+१ +१+१+१+१ +१+१+१ +१+१+१=१६
हर मदन पनि अब सुरभित हुनुछ ।
हर मन अब अतिशय धवल हुनुछ
नजर पनि गगनसम सघन हुनुछ ॥

**अडिल्लाछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये जगणबाहेक चारचार मात्रा (भगण, सगण) हुने एवम् पाउको अन्त्यमा दुई अक्षर लघु नै रहने सममात्रिक छन्दलाई अडिल्लाछन्द भनिन्छ (ढुङ्गाना, २०५०) । यस छन्दअनुरूप रचित पद्यमा श्रुतिमधुरता रहनु अपेक्षित छ । एउटा पद्यको अवलोकन गरौं :

कोकिल घुम्दछ बाग र जङ्गल
२+१+१+ २+१+१+ २+१+१+ २+१+१ = १६ मात्रा
सुरभि समयमा गाउँछ मङ्गल
१+१+१+ १+१+१+२+ २+१+१ +२+१+१ = १६ मात्रा
काग कुनै दिन गाउँछ के गुण
खास गुणी नै चिन्दछ सद्गुण ॥
गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार, पृष्ठ २१)

**उपचित्राछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये नवौं र दसौं मात्राका रूपमा गुरु र अन्तिम मात्रा पनि गुरु हुने सममात्रिक छन्दलाई उपचित्राछन्द भनिन्छ (केदारनाथ, सन् २००२)। एउटा पद्य पनि हेरौं :

शान्तिको निम्ति लड्नुपर्छ है
२+१+२+ २+१+ २+१+२+१+२=१६
एकता साथमा जुटी सबै
२+१+२+ २+१+२+ १+२+ १+२=१६
नत्र ती दुष्टले सताउँछन्
बन्दुक औ खुकुरी उठाउँछन् ॥
माधव वियोगी (छन्दकेशर, पृष्ठ ६८)

**चित्राछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये पाँचौं, आठौं र नवौं मात्रा लघु र अन्तिम मात्रा गुरु हुने सममात्रिक छन्दलाई चित्राछन्द भनिन्छ (भट्ट, सन् १९३१) । यसको एउटा पद्य हेरौं :

मेरी चलमल मनकी नकली
२+२+ १+२+१+१+१+१+१+२+२=१६
जाऊ सरसर घरमा नभुली
२+२+१+२+ १+१+१+१+१+२+२=१६
गर्नु पढलेख कपडा बदली

पाउडर कत्ति तनमा नदली ॥

माधव वियोगी (छन्दकेशर, पृष्ठ ६७)

**चौपाई**

प्रत्येक पाउमा १६/१६ मात्रा हुने सममात्रिक छन्दलाई चौपाईछन्द भनिन्छ (ढुङ्गाना, २०५०) । चौपाईमा अन्त्यको दुई अक्षर गुरु हुनुपर्ने मान्यता रहेको छ । यसको एउटा उदाहरण हेरौँ :

कविजी / तमको कसर बढार्दै
१+१+२+ १+१+२+ १+१+१+ १+२+२=१६
मानवताका बीज उमार्दै
२+१+१+२+२+ २+१ +१+२+२=१६
बोलबोल झङ्कृत मन पार्दै
काव्यिक गृहको द्वार उघार्दै ॥५.१६

डा. घनश्याम न्यौपाने 'परिश्रमी' (कविताको सरिता, वैजयन्ती, २०७१, अङ्क ६)

**पज्झटिकाछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये नवौँ मात्रा गुरु हुने तथा जगणको प्रयोग हुनु नहुने सममात्रिक छन्दलाई पज्झटिका छन्द भनिन्छ (गङ्गादास, सन् २०१०)। यसमा नवौँ गुरु हुनै पर्छ भन्ने छैन तर हुँदा सुन्दरता र माधुर्य प्राप्त हुन्छ (पूर्ववत्)। एउटा पद्य पनि अवलोकन गरौँ :

छाया वसन्त दिंदो छ अपार
२+२+ १+२+१+ १+२+ १+ १+२+१=१६
घुमुघुमुझैं लाग्छ गर्न विहार
१+१+१+१+२ +२+१+ २+१ +१+२+१=१६
सुमधुर वाणी सुरम्य विचार
प्रकृति छ हाँस्दो अर्पी बहार ॥

केशवराज आमोदी (छ शैलबाट वायुको बतासिदो सिरीसिरी)

**पादाकुलकछन्द**

प्रत्येक पाउमा १६/१६ मात्रा भएको सममात्रिक छन्दको एउटा भेदलाई पादाकूलकछन्द भनिन्छ (केदारनाथ, सन् २००२) । यसमा लघुगुरुको नियम रहँदैन बरु यी छ्यासमिसे भएर रहन्छन्; लय भने मिल्नु आवश्यक छ (वियोगी, २०६३) । यसलाई स्कन्धक वा पज्झटिकाछन्द पनि भनिन्छ (नेपाल, २०७५) । एउटा पद्य हेरौँ :

ज ब म च ढे र भा व को डुङ् गा
१+१+१+१+२ +१+२+१+२+२+२ (मात्रा $\neq$ १६
शयर गर्छु स्मृतिको प्रि य गङ् गा
१+१+१+ २+१+ १+१+२+ १+१+ २+२ (मात्रा $\neq$ १६
स्वप् न ग ग न बा ट सु शी त ल ज ल

सिद्धिचरण श्रेष्ठ (ओखलढुङ्गा)

**मात्रासमकछन्द**

प्रत्येक पाउको नवौँ मात्रा लघु र अन्तिम मात्रा गुरु हुने १६/१६ मात्रा हुने सममात्रिक छन्दलाई मात्रासमकछन्द भनिन्छ (केदारनाथ, सन् २००२) । अन्त्यानुप्रास मिलेको हुनुपर्ने यस छन्दका अनेकौँ भेद हुन्छन् (वियोगी, २०६३)। यसको एउटा पद्य पनि हेरौँ :

धर्मराज नाम घर पोखरा
२+१+२+१ +२+१ +१+१ +२+१+२ =१६
मनभित्र छन् अति पिरका कुरा
१+१+२+१+२+ १+१+ १+१+२ +१+२ =१६
मध्यमा पास भएँ भर्खरै
अब पढ्दिनँ खान्छु म त जागिरै ॥

माधव वियोगी, (छन्दकेशर)

**वानवासिकाछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये नवौँ र बाह्रौँ मात्रा लघु र अन्तिम मात्रा गुरु हुने सममात्रिक छन्दलाई वानवासिकाछन्द भनिन्छ (केदारनाथ, सन् २००२) । यसमा हरेक पाउमा आठौँ मात्रापछि जगण र अन्तिम अक्षरमा दीर्घ हुनु आवश्यक छ (वियोगी, २०६३)। एउटा पद्य हेरौँ :

नयाँ नेपाल बनाउनेले
१+२+ २+२+१ +१+२+१+२+२ =१६
कुकाम धेरै गरी दिनाले ।
१+२+१+ २+२+ १+२+१+२+२ =१६
जताततै अन्धकार छायो
सामन्तले शिर त्यो उठायो ॥

माधव वियोगी, (छन्दकेशर)

**विश्लोकछन्द**

प्रत्येक पाउमा रहने १६/१६ मात्रामध्ये पाँचौँ र आठौँ मात्रा लघु तथा अन्तिम मात्रा गुरु हुने सममात्रिक छन्दलाई विश्लोकछन्द भनिन्छ (केदारनाथ, सन् २००२)। अर्थात् प्रत्येक पाउमा ४ मात्रापछि जगण र अन्तिम मात्रा दीर्घ हुनु आवश्यक छ (वियोगी, २०६३) । यस छन्दको एउटा उदाहरण पढौँ :

नेपाल बन्छ नयाँ अवश्यै
२+२+१+ २+१+ १+२+ १+२+२ =१६
यसमा नगर्नु शंका ज्यादै ।
१+१+२+ १+२+१+ २+२+ २+२ =१६
हामी सधै मिले भाइ सबै
सामन्त हार्छ, शीघ्र भाग्छ है ॥

माधव वियोगी (छन्दकेशर)

## मात्रिक छन्दको सैद्धान्तिक तथा प्रयोगात्मक प्रारूप

### शिखाज्योतिछन्द

जुन छन्दको अघिल्ला दुई पाउ अर्थात् पहिलो र दोस्रामा लघु लघु १६-१६ मात्रा र बाँकी दुई पाउ (तेस्रो र चौथो)मा पनि गुरुगुरु १६-१६ मात्रा नै भए शिखाज्योति छन्द हुन्छ (केदारनाथ, सन् २००२)। यस लक्षणमा आधारित एक पद्य अवलोकन गरौं :

सकल भुवन तलभरि हरित वन छ
१+१+१+ १+१+१ **+१+१+१+१+** १+१+१+ १+१+१ **=**१६
हरपल मनुज जगत पनि रसिक छ
१+१+१+१ **+१+१+१+** १+१+१+ १+१+ १+१+१ **+१ =**१६
वर्षामा पानीका फोका
२**+**२**+**२**+** २+२**+**२ **+**२+२ **=**१६
उठ्दै फुट्तै गर्दो चिन्ता
२**+**२**+** २+२**+** २+२ **+**२**+**२ **=**१६

### शिखासौम्याछन्द

जुन छन्दको अघिल्ला दुई पाउ अर्थात् पहिलो र दोस्रामा गुरुगुरु १६-१६ मात्रा र बाँकी दुई पाउ (तेस्रो र चौथो)मा पनि लघु लघु १६-१६ मात्रा नै भए शिखाज्योतिछन्द हुन्छ । यस लक्षणमा आधारित एक पद्य अवलोकन गरौं :

पैसा पैसा भन्दै मान्छे
२**+**२**+** २+२**+** २+२ **+**२+२ **=**१६
सारा मान्छे दौड्दै हिंड्छन्
२**+**२**+** २+२**+** २+२ **+**२**+**२ **=**१६
न छ अघिपछि न शुभ अशुभतम पिर
१+१+१+ १+१+१ **+१+१+१+१+** १+१+१+ १+१+१ **=**१६
तलतल छ अधिक नजर द्रव उपर
१+१+१+१ **+१+** १+१+१+ १+१+१+ १+१+ १+१+१ **=**१६

### सगरमाथाछन्द

प्रत्येक पाउमा २०-२० मात्रा हुने सममात्रिक छन्दलाई सगरमाथा छन्द भनिन्छ (न्यौपाने, २०६७)। यस छन्दको दृष्टान्तका रूपमा एउटा पद्य हेरौं :

जिन्दगीको अदृश्य यो यात्राभित्र
२+ १+२+२ +१+२+१+ २+ २+२+२+ १ =२०
खिचेँ कैयौं दृश्यमा चित्रै विचित्र
१+२+ २+२+ २+१+२+ २+२+ १+२+१+ =२०
कुनै रेखा लामा कति भए छोटा
बराबरी नभएर किन झिना मोटा ?

चन्द्रप्रसाद न्यौपाने (छन्दकुञ्ज)

**प्लवङ्गमछन्द**

प्रत्येक पाउमा हुने २१-२१ मात्रामध्ये सुरु र अन्त्यका अक्षर गुरु हुने र अन्त्य अक्षरभन्दा अघिल्लो अक्षर लघु हुने सममात्रिक छन्दलाई प्लवङ्गम छन्द भनिन्छ (ढुङ्गाना, २०५०)। अन्त्यानुप्रास मिल्नु अनिवार्य हुने यस छन्दको ११/१२ मात्रामा यति रहन्छ। एउटा पद्य अवलोकन गरौँ :

अन्तश्चेतनको सत्य मधुर हुन्छ रे
२+२+२+१+१+२+ २+१+ १+१+१ +२+१+ २=२१
आफु जीवनभर त्यसमा खुल्नुपर्छ रे।
२+१+ २+१+१+१+१ +१+१+२+ २+१+२+१+२=२१
सिद्धान्त मस्तिष्क भावना र बुद्धिले
सोचेर नै बलवान् बनेको छु अहिले ॥
माधव वियोगी (छन्दकेशर)

**हीरछन्द**

प्रत्येक पाउमा रहने २३-२३ मध्ये सुरुमा गुरु र चारलघु मात्रा (२+१+१+१+१) क्रमशः तीन र अन्त्यमा रगण ((२+१+२) हुने सममात्रिकछन्दलाई हीरछन्द भनिन्छ। यस छन्दमा आधारित एउटा पद्य अवलोकन गरौँ :

कुन्दन रदन मीन नयन चन्द्र वदन चम्किने
२+१+१+ १+१+ २+१+ १+१+१+ २+१+ १+१+१+ २+१+२ =२३
चाल चपल देह झलल ताल तवल घन्किने।
२+१+१+ १+१+ २+ १+१+१+१+२+ १+१+ १+१+ २+१+२ =२३
छुं छुनुनुनु छुं छुनुछुनु बज्छ मधुर किङ्किणी
धन्य नटन धन्य रटन धन्य ! भुवन मोहिनी ! ॥
गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार)

**रोलाछन्द**

प्रत्येक पाउमा २४-२४ मात्रा हुने सममात्रिक छन्दलाई रोलाछन्द भनिन्छ। यसमा एघारौं मात्रामा यति हुन्छ। यसमा १४/१५ अक्षर राख्न सके उत्तम हुनुका साथै अन्त्यानुप्रास तोडिनु हुँदैन (पूर्ववत्)। एउटा पद्य अवलोकन गरौँ :

उज्यालो घाम हेर त्यही हो जीवन राम्रो
२+२+२+ २+१+ २+१+१+२+२+ २+१+१+ २+२=२४
घामको समुज्ज्वल ज्योति यही छोरा हाम्रो
२+१+२+ १+२+१+१+ २+१ + १+२+ २+२ +२+२=२४
हुर्काऊँ, पढाऊँ सुख दिलाऊँ यसलाई
अवश्य नै केही दिनेछ नि यो देशलाई ॥
माधव वियोगी (छन्दशिरोमणि महाकाव्य)

**शक्रछन्द**

प्रत्येक पाउमा रहने २४-२४ मात्रामध्ये सबै नै लघु हुने सममात्रिक छन्दलाई शक्रछन्द भनिन्छ (ढुङ्गाना, २०५०) । यस छन्दमा आधारित एउटा पद्य हेरौँ :

करगत फणिपति वलय शिरधृत विमलतम शशधर
१**+१+१+१ +१+१+१+१+** १+१+१ **+१+१+१+१+** १+१+१+१+ १+१+१+१=२४
धप धप गरदछ नयन अनलयुत छिन अफ भर भर
१+१+१+१+ १+१+१+१ **+१+१+१+** १+१+१+१+१ **+१+१ +१+१+** १+१ +१+१=२४
सुर असुर मनुज शरण त्रिभुवन तरण कमल चरण
निजगल निगलित गरल जय शिव मम हर तरल

गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार)

**हरिगीता छन्द**

प्रत्येक पाउमा रहने २८-२८ मात्रामध्ये हरेक पाउको अन्तिम मात्रा गुरु र त्यसभन्दा अघिल्लो अक्षर लघु मात्रा हुने सममात्रिक छन्दलाई हरिगीता छन्द भनिन्छ (वियोगी, २०६३) । यसमा लय सलल बगेको र अनुप्रास पनि मिलेको हुनु आवश्यक मानिन्छ (पूर्ववत्) ।

करकापले बटुवा भयौँ, दुइ रात सत्तलमा बस्यौँ
१+१+२+१+२+ १+१+२+ १+२+ १+१+२+१+ २+१+१+२+ १+२ =२८
सुखदुःखको सब याद भो जुन प्रेम पुष्प परागमा
१+१+२+१+२ +१+१+२+१+२+ १+१+२+१ +२+१+ १+२+१+२ =२८
भमरो भयौँ, सब त्यो झऱ्यो परतन्त्ररूप बतासले
अब सुन्दरी म विदा भएँ नभिजाइदेन आँसुले ॥

गोविन्दप्रसाद ढुङ्गाना (छन्दोहार)

**घत्ताछन्द**

चार मात्रिक सात गण र त्यसपछि तीन अक्षर लघु हुने ३१ मात्रा हुने सममात्रिक छन्दलाई घत्ताछन्द भनिन्छ। यो दुई पाउमात्र हुने यसछन्दमा १०, ८ र १३औं अक्षरमा यति हुन्छ। यसै छन्दको ११, ७ र १३ औं अक्षरमा यति गरिएमा घत्तानन्दछन्द हुन्छ ।

यस लक्षणमा आधारित एउटा श्लोक पनि हेरौं :

रणदक्ष दक्ष अरि रक्षित सुरवर अन्धक दानव नाशकर !
१+१+२+१ +२+१ +१+१ +२+१+१ +१+१+१+१+ २+१+१+ २+१+१+ २+१+१+१=३१
रक्षा गर शंकर ! असुर भयङ्कर ! जय जय भक्तधार ! हर !!
२+२+ १+१ +२+१+२ +१+१+१ +१+२+१+१ +१+१+ १+१+ २+१+२+१ +१+१=३१

गोविन्दप्रसाद ढुङ्गाना (छन्दोहार)

**वीरछन्द**

प्रत्येक पाउमा रहने ३१-३१ मात्रामध्ये अन्तिम अक्षर ह्रस्व हुने सममात्रिक छन्दलाई वीरछन्द भनिन्छ । हरेक पाउमा १६/१७ अक्षर सङ्ख्या रहे उत्तम ठानिने यस छन्दमा १६ औं मात्रामा यति हुन्छ । यस छन्दमा आधारित एउटा पद्य हेरौं :

आफन्त भन्नु आफन्तै हो चोखो माया पक्का मिल्छ
२+२+१ २+१+ २+२+२+ २+ २+२+ २+ २+ २+ २+ २+१ =३१
माया मिलेन भने जिन्दगी कच्चा काँचो धेरै बन्छ
२+२+ १+२+१+ १+२+ २+१+२+ २+ २+ २+२+ २+२+२+१ =३१
जिन्दगी रसिलो उन्नतिशील बन्नमा चाहिन्छ सहयोग
सहयोगबाटै विवेकशक्ति बढ्दछ सीपको हुन्छ यो ॥
माधव वियोगी (छन्दकेशर)

**लीलावती**

प्रत्येक पाउमा ३२-३२ मात्रा हुने सममात्रिक छन्दलाई लीलावती सममात्रिकछन्द भनिन्छ । यसमा लय सलल बग्ने खालको हुनुका साथै अन्त्यानुप्रास मिलेको हुनु आवश्यक छ । यस छन्दको एउटा उदाहरण पढौं :

शीतल शीतल रात्रि समीकण तर चीसा छन् उसका छाल
२+१+१ +२+१+१+ २+१+ १+२+१+१+ १+१+ २+२+ २+ १+१+२ +२+१=३२
काँप्दछ लगलग अब रामाको विरुवाजस्तो जीउ बेहाल
२+१+१+ १+१+१+१ +१+१+ २+२+२ +१+१+२+२+२+ २+१+२+२+१=३२
बाहिर चीसो लागे लुगा जिउमा टाँस्सी खोज्दछ न्यानो
उसको चीसो लागीकन जिउ थर्रर लुगै हो ठन्डै मानौं ॥
कञ्चन पुडासैनी (आखिर प्रत्यागमन, महाकाव्य)

स्कन्धक

आर्या छन्दअन्तर्गत नै रहेको मानिने स्कन्धकछन्दमा चार मात्रिक आठ गण हुन्छन् । यसमा जम्मा ६४ मात्रा हुन्छन् । यस छन्दमा आधारित एउटा श्लोक अवलोकन गरौं :

कोकिल हो ? ठीक गऱ्यौ मौन व्रत पालना गरेर वर्षामा
२+१+१ +२+ २+१+ १+२+ २+१ +१+१+ २+१+२ +१+२+१ +२+२+२=३२
दर्दुर जस्ता नीच त भाषण गर्छन् गमक्क गम्केर जहाँ ॥
२+१+१ +२+२+ २+१ +१+ २+१+१ +२+२+ १+२+१+ २+२+१+ १+२=३२
गोविन्दप्रसाद शर्मा ढुङ्गाना (छन्दोहार)

**झुल्लानाछन्द**

प्रत्येक पाउमा ३७ मात्रा हुने दुई पाउमात्र हुने छन्दलाई झुल्लानाछन्द भनिन्छ । यस छन्दको १०/१० र १७औं अक्षरमा यति हुन्छ । यस लक्षणमा आधारित छन्दको एउटा श्लोकको अवलोकन गरौं :

आकाशमा फुल बरु फुल्ला कोशिसले तेल आउला बरु बालुवामा
२+२+१+२ +१+१ +१+१ +२+२ +२+१+१+२+ २ +२+१+२+ १+१+ २+१+२+२ =३७
दिनकर उदाउलान् पश्चिम दिशाबाट जोडिने छैनौ तिमी स्वार्थले ॥
१+१+१+१ +१+२+१+२ +२+१+१+ १+२+२+१+ २+१+२ +२+२+ १+२+ २+१+२ =३७

यस प्रकार सममात्रिक छन्दअन्तर्गतका चार पाउ जोड्दा जम्मा ३२ मात्रा हुने अष्टिका र मधुभारछन्दको लक्षण पहिल्याई यी दुवैको नमुनाका रूपमा उदाहरणसमेत दिइएको छ । त्यस्तै ४० मात्राको दीपक र रसिका, ४४ मात्राको आभीर र रसिका, ५२ मात्राको हाकलि, ५६ मात्राको सुनसान, ६४ मात्राका अचलधृति, अडिल्ला, उपचित्रा, चित्रा, चौपाई, पज्झटिका, पादाकुलक, मात्रासमक, वानवासिका, विश्लोक, शिखाज्योति र शिखासौम्य छन्दका लक्षणहरू पहिचान गरी तिनका उदाहरणसमेत प्रस्तुत गरिएको छ । ८० मात्राको सगरमाथा, ८४ मात्राको प्लवङ्गम, ९२ मात्राको हीर, ९६ मात्राको रोला र शक्रछन्द तथा ११२ मात्राको हरिगीता छन्दका लक्षण र उदाहरणसमेत दिइएको छ । १२४ मात्राको वीरछन्द, १२८ मात्राको लीलावती छन्दका लक्षण र उदाहरण दिइएको छ । यसरी नै दुई पाउबाट नै एकश्लोक बन्ने ६४ मात्राका घत्ता र स्कन्धक तथा ७४ मात्राको झल्लाना छन्द पनि प्रस्तुत गरिएको छ ।

# अर्द्धसममात्रिक

यसका हरेक पाउमा मात्राहरूको सङ्ख्या समान हुँदैन । कुनै दुई ओटामा एक निश्चित मात्रा सङ्ख्या र अर्को कुनै दुईमा एक निश्चित मात्रा सङ्ख्या रहेको हुन्छ । यिनको निम्नलिखित रूपमा सङ्क्षेपमा चर्चा गरिएको छ :

### सोरठाछन्द

पहिलो र तेस्रामा (विषम पाउ) मा ११-११ र दोस्रा र चौथा (समपाउ)मा १३-१३ मात्रा हुने अर्द्धसममात्रिक छन्दलाई सोरठा छन्द भनिन्छ । यो दोहाछन्दको उल्ट्याउँदा सोरठाछन्द बन्दछ । यस छन्दमा आधारित एउटा श्लोकको अवलोकन गरौँ :

हेलाँ नगर बनेर
२+२ + १+१+१+ १+२+१ =११
बाबु भोला सज्जनमा
२+१ +२+२+ २+१+१+२ =१३
ढाँचामा गुण छैन
२+२+२+ १+१+ २+१ =११
बाबु विचार गर मनमा
२+१+ १+२+१+ १+१+ १+१+२ =१३

गोविन्दप्रसाद ढुङ्गाना, (छन्दोहार)

### उपगीतिछन्द

बिजोर पाउ (एक र तीन)मा १२-१२ मात्रा र जोरपाउ (दुई र चार)मा १४-१४ वा १५-१५ मात्रा राख्दा पनि हुने अर्द्धसममात्रिक छन्दलाई उपगीतिछन्द भनिन्छ (वियोगी, २०६७) । आर्या छन्दको उत्तरार्द्ध जस्तै पूर्वार्द्ध पनि भएमा अर्थात् पहिलो र तेस्रामा १२ र दोस्रो र चौथामा पनि १५-१५ भएमा उपगीतिछन्द वा गाथा हुन्छ (ढुङ्गाना, २०५०) । यसमा जोरपाउमा अन्त्यानुप्रास मिलाउनुपर्छ (वियोगी, २०६३) । यस छन्दमा

आधारित एउटा उदाहरण पनि हेरौँ :

फुल्ला अवश्य भोली
२+२+ १+२+१ +२+२=१२
फुल्ला पर्सी त भन्दैमा
२+२+ २+२+ १ +२+२+२=१५
आशा लता किराले
२+२+ १+२+ १+२+२=१२
काट्यो हो कुट्ट मुण्टैमा ॥
२+२+ २+ २+१+ २+२+२=१५
गोविन्दप्रसाद शर्मा ढुङ्गाना (छन्दोहार)

**गीतिछन्द**

पहिलो र तेस्रो पाउमा १२-१२ मात्रा र दोस्रो र चौथो पाउमा १८-१८ मात्रा रहेको अर्द्धसममात्रिक छन्दलाई गीतिछन्द भनिन्छ (न्यौपाने, २०६७)। आर्या छन्दको पूर्वार्द्ध जस्तै उत्तरार्द्ध पनि भएमा अर्थात् पहिलो र तेस्रामा १२ र दोस्रो र चौथामा पनि १८-१८ भएमा गीतिछन्द वा उद्गाथा हुन्छ (ढुङ्गाना, २०५०) । उदाहरण पनि हेरौँ :

स्वप्न सुनौला देख्छन्
२+१+ १+२+२ +२+२=१२
द्यौपुरकी राजकन्याका आइन्
२+१+१+२ +२+१+२+२+२+ २+२=१८
काख बसी गृहिणीका
२+१+ १+२+ १+१+२+२=१२
आफ्नो सत्कीर्ति गीतिमा छाइन्
२+२+ २+२+१ +२+१+२+ २+२ =१८
उमानाथ शास्त्री सिन्धुलीय (मकवानी बाला, महाकाव्य)

**चुलिआलाछन्द**

पहिलो र तेस्रा पाउमा १३-१३ र दोस्रा र चौथा पाउमा १६-१६ मात्रा अक्षर हुने अर्द्धसममात्रिक छन्दलाई चुलिआला मात्रिक छन्द भनिन्छ । दोहाका दुवै आधाको अन्त्यमा एकलघु, एकगुरु र त्यसपछि दुई लघु थप गरेमा चुलिआला छन्द हुन्छ (ढुङ्गाना, २०५०) । यसमा आधारित एउटा दृष्टान्त पनि हेरौँ :

मत्ताका गरमागरम
२+२+२ + १+१+२+१+१+१ =१३
ताजा रगत विना त मरे पनि
२+२+ १+१+१+ १+२ +१+ १+२ +१+१ =१६
खाँदैन घाँस केसरी
२+२+१ +२+१ +२+१+२ =१३

भोको पेट बले पनि दन्दनि

२+२ +२+१+ १+२+ १+१+ २+१+१ =१६

गोविन्दप्रसाद शर्मा ढुङ्गाना (छन्दोहार)

**दोहाछन्द/दोहडिकाछन्द**

पहिलो र तेस्रो पाउमा १३-१३ मात्रा र दोस्रो र चौथामा ११-११ मात्रा सङ्ख्या रहेको हुन्छ (गङ्गादास, सन् २०१०)। यसमा आधारित एउटा उदाहरण हेरौं :

राम राम जपने गरे

२ १ २ १ १ २ १ २ (मात्रा = १३)

तर्नेछौ भव पार

२ २ २ १ १ २ १ (मात्रा = ११)

भक्तिले गरे सो हुने

२ १ २ १ २ २ १ २ (मात्रा = १३)

नहि ता त्यो छ अपार ॥

१ १ २ २ २ १ २ १ (मात्रा = ११)

धरणीधर कोइराला (नैवेद्य, २०३४, पृष्ठ ४७)

चारै पाउका मात्रा जोड्दा ४८ मात्रा हुने यस छन्दमा एउटा एउटा गुरु अक्षर घटाएर त्यसका ठाउँमा दुई लघु अक्षर राख्दै गएमा २३ प्रकारका भेद सृजना हुन्छन् । २२ गुरु ४ लघु भए भ्रमर, २१ गुरु ६ लघु भए शरभ, २० गुरु ८ लघु भए श्येन, १९ गुरु १० लघु भए मण्डूक छन्द बन्दछ। यसै गरी गुरु घटाउँदै र लघु बढाउँदै जाँदा मर्कट, करभ, नर, मराल, मदकल, पयोधर, चल, वानर, त्रिकल, कच्छप, मत्स्य, शार्दूल, अहिवर, व्याघ्र, बिडाल, शुनक, उन्दुरु र सर्प छन्द बन्दछन् (ढुङ्गाना, २०५०) । नेपाली साहित्यमा दोहाका यी उपभेदमा आधारित कविता सृजना भएको देखापर्दैन ।

**अम्बिकाछन्द**

पहिलो र तेस्रामा १५-१५ मात्रा एवम् दोस्रो र चौथामा चाहिँ १३-१३ मात्रा रहेको हुन्छ (न्यौपाने, २०६७)। यस छन्दमा आधारित एउटा पद्य अवलोकन गरौं :

माता मेरी महान् प्राण

२+२+ २+२+ १+२+ २+२ =१५

सर्व व्यापी ईश्वर हुन्

२+१ + २+२+ २+१+१+ २ =१३

माताभन्दा अरू प्राण

रहेछ त्यो त अप्राण ॥

चन्द्रप्रसाद न्यौपाने (छन्दकुञ्ज)

**चौबोला**

पहिलो र तेस्रो पाउमा १६-१६ मात्रा एवम् दोस्रो र चौथो पाउमा १४-१४ मात्रा हुने अर्द्धसममात्रिक छन्दलाई चौबोलाछन्द भनिन्छ (नेपाल, २०७५) । यस छन्दमा आधारित एउटा पद्य पनि हेरौँ :

हावा पानी ढुङ्गा माटो
२+२ + २+२+ २+२ +२+२ =१६
सारा सिर्जन  नष्ट गरी
२+२+  २+१+१+ २+१+ १+२  =१४
गोला राता लप्का उठ्छन्
२+ २+ २+२ +२+२+ २+२  =१६
सुन्दर  जीवन  तिक्त गरी
२+१+१+ २+१+१+ २+१+  १+२ =१४

रामप्रसाद ज्ञवाली (औंसीका फूलहरू महाकाव्य)

**द्विपदी छन्द**

द्विपदीको पहिलो र तेस्रो पाउमा १६-१६ मात्रा, दोस्रो र चौथोमा १२-१२ मात्रा हुने अर्द्धसममात्रिक छन्दलाई द्विपदीछन्द भनिन्छ (न्यौपाने, २०६७) । यसलाई गोविन्दप्रसाद ढुङ्गानाले दुईपाउको छन्द भनेका छन् (ढुङ्गाना, २०५०)। यसमा आधारित एउटा पद्य पनि अवलोकन गरौँ :

मनको सुन्दर सिंहासनमा
१+१+२ + २+१+१ +२+२+१+१+२ (मात्रा =१६)
जगदीश्वरको       राज
१+१+२+१+१+२+ २+२ (मात्रा =१२)
चेतनको    यो  ज्योति  हिरण्मय
२+१+१+२+२+ २+१+ १+२+१+१ (मात्रा =१६)
उसको  शिरको   ताज ॥
१+१+२+१+१+२+ २+१ (मात्रा =१२)

लक्ष्मीप्रसाद देवकोटा (यात्री, भिखारी कविता सङ्ग्रह)

**चूलिकाछन्द**

पाउमा लघु-लघु मात्रा र अन्त्यमा एक गुरुमात्रा हुने भए पनि पहिलो पाउमा २९ मात्रा र दोस्रामा

३१ मात्रा हुने दुई पाउको एकश्लोक रहेको अर्द्धसममात्रिक छन्दलाई चूलिकाछन्द भनिन्छ। दुवैमा समान मात्रा सङ्ख्या रहे पनि अन्त्यमा एक गुरु रहनुपर्छ (केदारनाथ, सन् २००२)। यस लक्षणमा आधारित उदाहरण पनि हेरौँ :

अटल छ तनमन सरल छ जगत, चपल छ तनमन जटिल अझै

१+१+१+ १+ १+१+१+१ **+१+१+१+** १+ १+१+१+ १+१+१ **+१+ १+१+१+१** १+१+१+ १**+**२**=**२९

शुभ शुभ नजर मनुज उपर अशुभ अशुभ नजर गत विगत तल सधैं

१+१**+** १+१+ १+१+१+ १+१+१+ १+१+१+ १+१+१+ १+१+१+ १+१+१ +१+१ **+१+**१+१+ १+१+१+२**=३१**

यस प्रकार अर्द्धसममात्रिक छन्दअन्तर्गत गीति, दोहा, चौबोला, द्विपदीछन्दह निकै लोकप्रिय रहेका छन्। यसमा सोरठा, उपगीति, चूलिआला र अम्बिका उल्लेख्य रहेको र चूलिका छन्दहरूको पनि लक्षण पहिल्याई तिनका विभिन्न उदाहरण प्रस्तुत छ।

# विषममात्रिकछन्द

सम, अर्द्धसम मात्रिक छन्दभन्दा भिन्न यस छन्दका कुनै दुईमा सम र अन्यमा फरक-फरक मात्रा सङ्ख्या रहेको छन्दलाई विषममात्रिक छन्द भनिन्छ (पिङ्गल, सन् १९६५) । आर्या र उद्‌गीति यस्ता विषम मात्रिक छन्द हुन्। यी छन्दका लक्षण र उदाहरणबारे सङ्क्षेपमा चर्चा गरिएको छ :

## १. आर्याछन्द

पहिलो पाउको आधामा रहने साढे सात गणमध्ये विषमगण (पहिलो, तेस्रो, पाँचौँ र सातौँ) मा जगण नराख्ने, छैटौँ गणमा जगण वा जगण नराखिए एकलघुसहित नगण अर्थात् चारलघुमात्रा राख्न सकिने र अन्त्यमा थप एक गुरुमात्रा हुने मात्रिक छन्दलाई आर्याछन्द भनिन्छ (द्विवेदी र सिंह, सन् २०१९) । यसमा छैटौँ गणमा चारैवटा लघुमात्रा भए ती चारलघुमध्ये दोस्रोमा यति, यदि सातौँ गणमा पनि चारवटै मात्रा लघु भए पहिलो लघुमा यति रहन्छ। यदि उत्तरार्द्ध पाउको पाँचवाँ गणमा पनि चारवटै मात्रा लघु भए त्यसको पहिलो अक्षरबाट नयाँ पद आरम्भ गर्नुपर्छ। दोस्रो पाउमा भने छैटौँ गणमा एउटामात्र लघुमात्रा रहनुपर्छ (गङ्गादास, सन् २०१०) । अरू पहिलो पाउजस्तै रहन्छ ((पिङ्गल, सन् १९६५)। नेपाली लक्षण ग्रन्थहरूमा चाहिँ आर्या छन्दको पहिलो र तेस्रो पाउमा १२-१२ मात्रा दोस्रोमा १८ र चौथो हरफमा १५ मात्रा रहेको हुन्छ (ढुङ्गाना, २०५०) । यसलाई गाथा र पथ्या पनि भनिएको छ। यसमा आधारित एउटा श्लोकको अवलोकन गरौँ :

दुर्गम भै उर्लेकी (वर्ण ७)

२+१+१+ २+ २+२+२ (मात्रा =१२)

तलतिर समतुल्य मोहकी गङ्गा (वर्ण = १३)

१+१+१+१ +१+१+२+१+ २+१+२+ २+२ (मात्रा = १८)

फरफर गर्छ उपर यो (व =१०)

१+१+१+१+ २+१+ १+१+१ +२ (मात्रा = १२)

जीवनमय पातलो चङ्गा (वर्ण = ९)

२+१+१+१+१ +२+१+२+ २+ २ (मात्रा = १५)

लेखनाथ पौड्याल (जीवन चङ्गा, लालित्य प्रथमभाग, पृ. १३४)

चार पाउका मात्रा जोड्दा जम्मा ५७ मात्रा हुने यस छन्दमा २७ गुरु र ३ लघु भए लक्ष्मीछन्द, २६ गुरु ५ लघु भए ऋद्धिछन्द, २५ गुरु र ७ लघु भए वृद्धिछन्द, २४ गुरु र ९ लघु भए लज्जाछन्द हुन्छ। एवम् क्रमले गुरु घटाउँदै र गुरुको सट्टामा २-२लघु बढाउँदै लैजाँदा रखाइका आधारमा विद्या, क्षमा, देही, गौरी, धात्री, चूर्णा, छाया, कान्ति, महामाया, कीर्ति, सिद्धि, मालिनी, रामा, गाहिनी, विश्वा, वासिता, शोभा, हरिणी, चक्री, सारसी, कुररी, सिंही र हंसी छन्द गरी २७ भेद हुन्छन् (ढुङ्गाना, २०५०)। यी भेदहरू भए पनि यसमा आधारित रही नेपाली भाषामा कविता सृजना भएको देखापर्दैन। आर्याका पनि अनुष्टुप् छन्दको जस्तै विपुला, चपला, जघनचपला, मुखचपला, आर्यागीति छन्दका भेदहरू हुन्छन्।

**उद्गीतिछन्द**

उद्गीति पहिलो र तेस्रोमा १२-१२, दोस्रोमा १५ र चौथोमा चाहिँ अठार मात्रा हुने विषम मात्रिक छन्दलाई उद्गीति भनिन्छ (न्यौपाने, २०६७)।

प्राणी मात्र सबैको

२+२+ २+१+ १+२+२=१२

जुन हक हो दैवले देको

१+१+१+१ +२+२+१+२+ २+२=१५

त्यो स्वातन्त्र्य गुमाई

२+ २+२+१+ १+२+२=१२

मानिस बन्ने घमण्ड पो के को ?

२+१+१+२+२+ १+२+१+ २+२+२ =१८

उमानाथ शास्त्री सिन्धुलीय (मकवानी बाला, महाकाव्य, पृष्ठ ८४)

**गाहिनीछन्द**

पहिलो र तेस्रोमा १२-१२, दोस्रोमा १८ र चौथोमा चाहिँ २० मात्रा हुने विषम मात्रिक छन्दलाई गाहिनीछन्द भनिन्छ (ढुङ्गाना, २०६३)। आर्याछन्दको चौथो पाउ (१५ मात्रा)मा अरू पाँच मात्रा थप्दा गाहिनी हुन्छ।

छोड न गोडा सुन्दरि !

२+१+ १+ २+२+ २+१+१=१२

देऊ मलाई खुशी भै खुकुरी
२+२+ १+२+२+ १+२+ २+ १+१+२=१८
वैरी छिनी हजारौँ
२+२+१+२+ १+२+२=१२
पार्नेछु म गोर्खालि वीरको प्यारी
२+२+१ +१+ २+२+१+२+१+२ +२+२ =२०

गोविन्दप्रसाद शर्मा ढुङ्गाना (छन्दोहार, पृ.१३)

**सिंहनी**

पहिलो र तेस्रो पाउमा १६-१६ मात्रा र दोस्रामा १५ र चौथामा १३ मात्रा हुने विषम मात्रिक छन्दलाई सिंहनी छन्द भनिन्छ। गाहिनीको पूर्वार्ध भएमा सिंहनी छन्द हुन्छ (ढुङ्गाना, २०५०)। यस छन्दमा आधारित एउटा पद्य पनि अवलोकन गरौँ :

कोमल पल्लव तिम्रो छाया
२+१+१+ २+१+१ २+२+२+२=१६
धनतम पुष्प उच्चता मान
१+१+१+१+ २+१ २+१+२ +२+१=१५
के काम पाउँदैनन् भोका
२+२+१+ २+१+२+२+ २+२ =१६
बटुवा अशोक फल खान ॥
१+१+२+ १+२+१+१+१+ २+१ =१३

गोविन्दप्रसाद शर्मा ढुङ्गाना (छन्दोहार, पृ.१३)

यस प्रकार विषममात्रिक छन्दअन्तर्गत आर्याको उदाहरण र यसका विभिन्न भेदहरूको नामोल्लेख गरिएको छ। उद्गीति, गाहिनी र सिंहनी छन्दहरूका पनि लक्षण पहिल्याएर तिनका उदाहरणसमेत दिइएको छ । यसप्रकार प्रस्तुत लेखबाट त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालयका स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी, कार्यरत प्राध्यापक, अनुसन्धाता तथा छन्दका साधकहरू यसबाट लाभान्वित हुन सक्तछन् ।

**निष्कर्ष :**

नेपाली काव्यमा मात्रिक छन्दको प्रयोग गरी लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ आदि कविहरूले सुन्दर कृति सृजना गरेका छन् । ती कृतिहरू वार्णिक छन्दमा जस्तै शक्तिशाली पनि छन् । विद्यालय तह र महाविद्यालयतहका विभिन्न कक्षा र वर्षहरूका पाठ्यवस्तुका रूपमा र नेपाल संस्कृत विश्वविद्यालय र त्रिविका विभिन्न तहका पाठ्यक्रममा सैद्धान्तिक विषयका रूपमा मात्रिक छन्द र यसका

प्रकारलाई लिइएको छ । पुस्तकालयीय कार्यसँग जोडिएको प्रस्तुत लेखमा मुख्यतः गुणात्मक विधि अनुसरण गरिएको छ। संस्कृत र नेपालीमा लेखिएका, मूलमा संस्कृत र त्यसको व्याख्या हिन्दीमा गरिएका लक्षणग्रन्थहरू प्राथमिक सामग्रीका रूपमा र लक्षणको उदाहरणका लागि लिइएका काव्यग्रन्थहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । शास्त्रीयछन्दअन्तर्गत मात्रिकछन्दको मात्र अध्ययन गरिएको छ ।

सममात्रिक छन्दअन्तर्गत अष्टिका, पज्झटिका, चौपाई, लीलावती, पादाकुलक, रोला अर्द्धसममात्रिक छन्दअन्तर्गत  गीति, दोहा, चौबोला, द्विपदी तथा विषममात्रिक छन्दअन्तर्गत आर्या र उद्गीतिछन्दमा उत्कृष्ट कविता काव्यसृजना गरिएको पाइएको छ । सममात्रिकका मधुभार, दीपक, आभीर, रसिका, हाकलि, सुनसान, अडिल्ला, उपचित्रा, चित्रा, मात्रासमक, वानवासिका, विश्लोक, प्लवङ्गम, सगरमाथा, घत्ता, हीर, वीर, हरिगीता, स्कन्धक, झुल्लाना, अर्द्धसममात्रिकका सोरठा, उपगीति, चुलिआला, अम्बिका र विषममात्रिकका गाहिनी र सिंहनी छन्दको लक्षणका साथै तिनको उदाहरण पनि विभिन्न लक्षणग्रन्थबाट दिइएको छ । सममात्रिकका अचलधृति, शिखाज्योति र शिखासौम्य, अर्द्धसममात्रिक छन्दको चूलिका छन्दका नेपालीमा कविता सृजना गरिएको नपाइएकाले नमुनाका लागि तयार पारी दिइएको छ। सममात्रिक छन्दअन्तर्गतका चार पाउ जोड्दा जम्मा ३२ मात्रा हुने अष्टिका र मधुभारछन्दको लक्षण पहिल्याई यी दुवैको नमुनाका रूपमा उदाहरणसमेत दिइएको छ । त्यस्तै ४० मात्राको दीपक र रसिका, ४४ मात्राको आभीर र रसिका, ५२ मात्राको हाकलि, ५६ मात्राको सुनसान, ६४ मात्राका अचलधृति, अडिल्ला, उपचित्रा, चित्रा, चौपाई, पज्झटिका, पादाकुलक, मात्रासमक, वानवासिका, विश्लोक, शिखाज्योति र शिखासौम्य छन्दका लक्षणहरू पहिचान गरी तिनका उदाहरणसमेत प्रस्तुत गरिएको छ। ८० मात्राको सगरमाथा, ८४ मात्राको प्लवङ्गम, ९२ मात्राको हीर, ९६ मात्राको रोला र शक्रछन्द तथा ११२ मात्राको हरिगीता छन्दका लक्षण र उदाहरण समेत दिइएको छ। १२४ मात्राको वीरछन्द, १२८ मात्राको लीलावती छन्दका लक्षण र उदाहरण दिइएको छ। यसरी नै दुई पाउबाट नै एकश्लोक बन्ने ६४ मात्राका  घत्ता र स्कन्धक तथा ७४ मात्राको झुल्लाना छन्द पनि प्रस्तुत गरिएको छ ।

यसप्रकार विभिन्न संस्कृत तथा नेपाली लक्षणग्रन्थहरूमा मात्रिक छन्दको व्यापक चर्चा गरिएको स्पष्ट हुन्छ। नेपाली लक्षणग्रन्थहरूमा कतिपय मात्रिक छन्दको नमुनाका रूपमा उदाहरण पनि दिइएको देखापर्दछ। संस्कृतमा मात्र रहेका अचलधृति, शिखाज्योति र शिखासौम्य मात्रिक छन्दहरूको नमुनाका रूपमा उदाहरण पनि तयार पारी दिइएको छ । अष्टिका, पज्झटिका, चौपाई, लीलावती, पादाकुलक, रोला, गीति, दोहा, चौबोला, द्विपदी, आर्या र उद्गीतिछन्दहरू उपयोग गरी उत्कृष्ट कविता काव्यसृजना गरिएको पाइएको सिद्ध हुन्छ। यसबाट नेपाली कविता काव्यमा मात्रिक छन्दहरू लोकप्रियता उत्कर्षमा रहेको स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्रीहरू

आमोदी, केशवराज. (सन् २०२०). छ शैलबाट वायुको बतासिदो सिरीसिरी. *मुहार पुस्तिका*।

कालिदास (मू.ले.). (व्या. हृषिकेश भट्टाचार्य). (१९३९). *श्रुतबोध,* ? ।

केदारनाथ. (२००२). *छन्दःशास्त्रम्* (दो.सं.). वाराणसी :  चौखम्बा पब्लिसर्स ।

कोइराला, धरणीधर. (२०३४). *नैवेद्य.* काठमाडौँ : साझा प्रकाशन. पृ. ४७ ।

गङ्गादास (सन् २०१०). *छन्दोमञ्जरी.* चौखम्बा सुरभारती प्रकाशन ।

जोशी, मणिराज. (२०६५). *दशरथ चन्द महाकाव्य.* दशरथ चन्द मेमोरियल ट्रष्ट ।

ज्ञवाली, रामप्रसाद. (२०५३). *औंसीका फूलहरू महाकाव्य.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ढुङ्गाना शर्मा, गोविन्दप्रसाद. (२०५०). *छन्दोहार.* (पाँ. सं.). साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०१०). *भिखारी कविता सङ्ग्रह.* साझा प्रकाशन ।

द्विवेदी, कपिलदेव. (सन् २०१९). *पिंगलकृत छन्दः सूत्रम्.* विश्वविद्यालय प्रकाशन ।

नेपाल, देवी. (२०७५). *छन्दपराग.* (पाँ. सं.). ऐरावती प्रकाशन ।

न्यौपाने, चन्द्रप्रसाद. (२०६७). *छन्दकुञ्ज.* (द्वि. सं.). काष्टमण्डप पुस्तक घर ।

न्यौपाने, चन्द्रप्रसाद. ( ? ). *छन्दशास्त्र.* स्वदेश प्रकाशन प्रा.लि. ।

पिङ्गल (मू.ले.). (अखिलानन्द शर्मा व्या.). (१९६५). *छन्दःसूत्रम्.* केदारनाथ वर्मा ।

पुडासैनी, कञ्चन. (२०६९). *आखिर प्रत्यागमन महाकाव्य.* दर्शन पुडासैनी ।

पौडेल, कविराज. (२०७४). 'छन्दको उत्पत्ति, महत्त्व, विकास र वर्तमान अवस्था'. *पल्लव.* वर्ष १३. पूर्णाङ्क २२ ।

पौड्याल, लेखनाथ. (२०२४).*लालित्य प्रथम भाग* (तृ. सं.). पुस्तक संसार ।

बराल, कृष्णहरि. (२०६८). *गजल सिद्धान्त र परम्परा.* (द्वि. सं.). साझा प्रकाशन ।

भट्ट, केदार. (सन् १९३१). *वृत्तरत्नाकर.* (द्वि.सं.). मेहरचन्द्र लक्ष्मणदास ।

भट्टाचार्यः, जीवानन्दविद्यासागर. (पिङ्गल, मू.ले). (व्या. सन् १९२८).*पिङ्गलछन्दःसूत्रम्.* वाचस्पति प्रकाशन ।

यादवप्रकाश. (२०४४). *पिङ्गलनाग छन्दोविचिति भाष्यम्.* श्रीमती सावित्रीदेवी वागडिया ट्रष्ट ।

वियोगी, माधव. (२०६०) *छन्द शिरोमणि.* माधव वियोगी ।

वियोगी, माधव. (२०६३), *छन्दकेशर.* अलिमिया लोक वाङ्मय प्रतिष्ठान ।

शास्त्री, राजाराम. (सन् १९३९). *छन्द रत्नावली.* राजाराम मालिक बाम्बे प्रेस ।

श्रीकृष्णकवि. (सन् १८९५). *मन्दारमरन्दचम्पू.* निर्णय सागर प्रेस ।

श्रेष्ठ, सिद्धिचरण. (२०४५). *सिद्धिचरणका प्रतिनिधि कविता.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिन्धुलीय, उमानाथ शास्त्री. (२०३४). *मकवानी बाला महाकाव्य.* साझा प्रकाशन ।